**कार्यपालिकाबाट स्वीकृत मितिः२०७८/०८/१४**

**अध्यक्ष ज्यूबाट प्रमाणिकरण मितिः२०७८/०८/१४**

# ऐसेलुखर्क गाउँपालिकाको विद्यालय, संघसंस्था तथा सहकारी संस्थाको लेखापरीक्षण कार्यविधि, २०७८

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ रहेको विद्यालय, संघसंस्था तथा सहकारी संस्था सम्बन्धी काम, कर्तव्य र अधिकार, ऐसेलुखर्क गाउँपालिकाको शिक्षा ऐन,२०७६ को दफा ९१, ऐसेलुखर्क गाउँपालिकाको सहकारी ऐन २०७५ को दफा ५४, ५५ र ५६ तथा दिएको अधिकार प्रयोग गरी ऐसेलुखर्क गाउँपालिकाको विद्यालय, संघसंस्था तथा सहकारी संस्था लेखापरीक्षण कार्यविधि, २०७८ जारी गरी लागु गरिएको छ ।

## परिच्छेद-१

१. क) संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम "ऐसेलुखर्क गाउँपालिकाको विद्यालय, संघसंस्था तथा सहकारी संस्था लेखापरीक्षण कार्यविधि, २०७८" रहेको छ ।

ख) यो कार्यविधि ऐसेलुखर्क गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) " ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

ख) "कार्यविधि" भन्नाले ऐसेलुखर्क गाउँपालिकाको विद्यालय, संघसंस्था तथा सहकारी संस्था लेखापरीक्षण कार्यविधि, २०७८ सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले ऐसेलुखर्क गाउँपालिकालाई सम्झनु पर्छ।

घ) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले ऐसेलुखर्क गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ङ) "शैक्षिक प्रशासन शाखा" भन्नाले ऐसेलुखर्क गाउँपालिका अन्तर्गतको शिक्षा शाखा लाई सम्झनु पर्दछ ।

च) "लेखापरीक्षक" भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रचलित कानून वमोजिम प्रमाण पत्र प्राप्त व्यक्ति/संस्था वा फर्मलाई जनाउँछ ।

छ) "विद्यालय" भन्नाले ऐसेलुखर्क गाउँपालिका भित्र रहेका सामूदायिक विद्यालयहरुलाई जनाउछ ।

ज) "संस्था तथा सहकारी संस्था " भन्नाले ऐसेलुखर्क गाउँपालिकाको कानून बमोजिम गाउँपालिकामा रीतपूर्वक दर्ता भएका संघ, संस्था, क्लव, तथा विभिन्न उद्देश्यका साथ स्थापना भएका सहकारी संस्थालाई जनाउछ ।

## परिच्छेद-२

## लेखापरीक्षण सम्बन्धी व्यवस्था

३. सम्बन्धीत विद्यालयको लेखापरीक्षणका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय एवं संस्था तथा सहकारी संस्थाको हकमा सञ्चालक समिति वा कार्यसमितिको निर्णय सहित गाउँपालिकाको आशय सूचिमा रहेका कम्तिमा तीन ३ जना लेखापरीक्षक/फर्म सिफारिस गरी तोकिएको समयाविधि भित्र ऐसेलुखर्क गाउँपालिकाको आन्तरिक लेखापरीक्षण ईकाईमा पठाई सक्नु पर्दछ ।

४. लेखापरीक्षक नियुक्तिका लागि संलग्न गर्नुपर्ने कागजातहरुः

क) पेशागत प्रमाण पात्रको नविकरण सम्बन्धी प्रमाणीत फोटोकपी -१

ख) प्यान/भ्याट दर्ताको फोटोकपी -१

ग) चालू आ.व. भन्दा अगाडीको कर चुक्ता प्रमाण-पत्र -१

घ) नागरिकताको प्रतिलिपी -१

ङ) संस्थाको प्रोफाईल-१

५. विद्यालय, संघसंस्था तथा सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी निवेदनको ढाँचा सिफारिसको ढाँचा,नियुक्तिको ढाँचा क्रमश अनुसूची १ र २ बमोजिम हुनेछ ।

## परिच्छेद-३

## लेखापरीक्षक छनौट समिति

६. लेखापरीक्षक छनौट समिति देहाय बमोजिम हुनेछ ।

संयोजक: प्रमुख प्रशासकीय अधिकृत

सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य : शिक्षा शाखा प्रमुख

सदस्य सचिव : आन्तरीक लेखापरीक्षण शाखा प्रमुख

७. दफा ६ बमोजिम गठित लेखापरीक्षक छनौट समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) आर्थिक वर्ष शूरु भएको दुई महिना भित्र लेखापरीक्षणको लागि स्थानीयस्तरको पत्रिकामा पन्ध्र(१५) दिनको र गाउँपालिकाको वेभ साइटमा, आसय पत्र पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्ने ।

ख) लेखापरीक्षक छनौटका लागि मापदण्ड एवंम सूचकहरु तयार गरी प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृत गराउने ।

ग) प्रकरण (क) बमोजिम प्राप्त आशय पत्रउपर छानविन गर्ने ।

घ) लेखापरीक्षक नियुक्ति गरी सम्बन्धित लेखापरीक्षक र विद्यालय, संघसंस्था तथा सहकारी संस्था लाई लिखित जानकारी गराउने ।

ङ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्या उपर लेखापरीक्षण छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने ।

च) सामुदायिक विद्यालयहरुको कम्तिमा चौमासिक रुपमा लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरी वेरुजु सम्परीक्षण गराउन सहजीकरण एवं निर्देशन दिने ।

छ) विद्यालय, संघसंस्था तथा सहकारी संस्थाहरुको एक आर्थिक वर्षमा कम्तिमा १ पटक स्थलगत अध्ययन गरी लेखा एवं लेखापरीक्षण सम्बन्धमा अनुगमन निरीक्षण गरी ऐसेलुखर्क गाउँ कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने ।

ज) एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार दुई आर्थिक वर्षका लागि भन्दा बढी नियुक्ति गर्न पाइने छैन ।

झ) गाउँपालिकाले तोके बमोजिमका लेखापरीक्षण सम्बन्धी अन्य कार्य गर्ने ।

ञ) तोकिएको अवधि भित्र सम्बन्धित विद्यालय, संघसंस्था तथा सहकारी संस्थाहरुबाट लेखापरीक्षकको नामावली सिफारिस भई नआएमा माथि उल्लेखित समितिले लेखापरीक्षक छनौट गर्नेछ ।

ट) ऐसेलुखर्क गाउँपालिकाले विशेष अवस्थामा लेखापरीक्षकको नियुक्ति रद्द गर्न सक्नेछ ।

८. विद्यालय, संघसंस्था तथा सहकारी संस्थाहरुको कर्तव्य :

क) ऐसेलुखर्क गाउँपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धीत विद्यालय, संघसंस्था तथा सहकारी संस्थाहरुको कर्तव्य हुनेछ ।

ख) ऐसेलुखर्क गाउँपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा, विद्यालयको निकासा, संघ संस्था तथा सहकारीको ऐन बमोजिम कारबाही लगायतका अन्य सेवामा रोक लगाउन सक्नेछ ।

९. दफा ६ बमोजिम लेखापरीक्षण छनौट समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट लेखापरीक्षक छनौट एवं नियुक्त हुनेछन् ।

१०. सचिवालयः विद्यालय, संघसंस्था तथा सहकारी संस्थाहरुको लेखापरीक्षण सम्बन्धी कार्य गर्न एवं दफा ६ वमोजिम गठित समितिको सचिवालयको रुपमा आन्तरिक लेखापरीक्षण शाखाले कार्य गर्नुपर्नेछ ।

## परिच्छेद-४
## लेखापरीक्षकको पारिश्रमिक

११. लेखापरीक्षण शुल्क : नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले तोकेको मापदण्ड बमोजिम हुनेछ । ।

## परिच्छेद-५
## विद्यालयको आन्तरीक लेखापरीक्षण

१२. प्रत्येक आर्थिक वर्ष ऐसेलुखर्क गाउँपालिकाले नमूना छनौटका आधारमा कम्तिमा १० (दश) सामुदायिक विद्यालयको आन्तरीक लेखापरीक्षण ऐसेलुखर्क गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट सम्पादन गराउन सक्नेछ । सामान्यतयाः त्रैमासिक रुपमा आन्तरीक लेखापरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित विद्यालय र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१३. आन्तरीक लेखापरीक्षण वापतको पारिश्रमिक लिन/दिन पाइने छैन ।

## परिच्छेद-६
## अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

१४. लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी महालेखापरीक्षकको कार्यालय समक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ । उक्त लेखापरीक्षण प्रतिवेदन उपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

## परिच्छेद-७

## वेरुजु र संम्परीक्षण

१५. आन्तरिक र अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजुको लगत तयार गर्ने र सम्परीक्षणको लागि ऐसेलुखर्क गाउँपालिकामा पेश गर्ने दायित्व सम्बन्धीत विद्यालय, संघसंस्था तथा सहकारी संस्थाहरुको हुनेछ ।

१६. बेरुजु फछ्यौट गरी सम्परीक्षण गराउने दायित्व भएका अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुवा वा अवकाश भई कार्यालय छाड्नु पर्दा निजले फछ्यौट गर्न बाँकी रहेका बेरुजु लगत तथा कारोबार सम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली वहालवाला जिम्मेवारी प्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ । जिम्मेवारी प्राप्त अधिकारीले उपरोक्त बमोजिम बुझिलिई बेरुजु फछ्यौट गर्नु, गराउनु पर्नेछ ।

# अनुसूची १
## लेखापरीक्षकले दिने निवेदनको ढाँचा

मिति :- .......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
ऐसेलुखर्क गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,ऐसेलुखर्क खोटाङ ।

विषयः विद्यालय, संघसंस्था तथा सहकारी संस्थाको लेखापरीक्षणका लागि आशय-पत्र पेश गरिएको ।

महोदय,
प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत रहेका विद्यालय, संघसंस्था तथा सहकारी संस्थाहरु हरुको आ.व................. को लेखापरीक्षणका लागि प्रकाशित सूचना वमोजिम आशय पत्र माग गरिएकोमा, मेरो नाममा रहेको लेखापरीक्षण संस्थावाट यस गाउँपालिका अन्तर्गतका विद्यालय, संघसंस्था तथा सहकारी संस्थाहरु हरुको अन्तिम लेखापरीक्षणका लागि आशय पत्र साथ तपसिल वमोजिमका लेखापरीक्षण संग सम्बन्धीत प्रमाण पत्रहरुको संलग्न गरी पेश गरेको व्यहोरा श्रीमान समक्ष अनुरोध छ ।

(दर्तावाला लेखापरीक्षक/ चार्टड एकाउन्टेण्ड)

<u>तपसिल</u>

क पेशागत प्रमाण पात्रको नविकरण सम्बन्धी प्रमाणीत फोटोकपी -१
ख प्यान/भ्याट दर्ताको फोटोकपी -१
ग चालू आ.व. भन्दा अगाडीको कर चुक्ता प्रमाण-पत्र -१
घ नागरिकताको प्रतिलिपी -१
ङ संस्थाको प्रोफाईल-१

**अनुसूची -२**

**लेखापरीक्षक सिफारिसको ढाँचा**

**ऐसेलुखर्क गाउँपालिका**

**....................विद्यालय/ संस्था/ सहकारी**

**ऐसेलुखर्क,खोटाङ**

प.स.

च.स.

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

ऐसेलुखर्क गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय,ऐसेलुखर्क खोटाङ ।

विषय : लेखापरीक्षकको नाम सिफारिस गरि पठाईएको ।

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समिति/ कार्य समिति/ संचालक समितिको मिति ................ मा वसेको वैठकबाट यस आर्थिक वर्ष सम्मको अन्तिम लेखापरीक्षणका लागि त्यस कार्यालयबाट प्रेसित लेखापरीक्षकहरुको सूची मध्येबाट तपसिल वमोजिम ३ जना लेखापरीक्षकहरुको नामावली सिफारिस गर्ने निर्णय भएको छ । सोही वमोजिमका नामावली मध्येबाट एक जना लेखापरीक्षक नियुक्त गरिदिनुहुन अनुरोध छ ।

**<u>तपसिल</u>**

| क्र.स | नाम ,थर | प्र.प्र.नं. | मोबाईल नं. |
|---|---|---|---|
| १ | श्री | | |
| २ | श्री | | |
| ३ | श्री | | |

........................

(प्रधानाध्यापक/अध्यक्ष)